मिति २०८३/०३/०९ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) को व्यवस्था बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरूको देहायको उपस्थितिमा बसी उल्लिखित प्रस्तावहरू उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमको निर्णयहरू पारित गरियो।

बैठक स्थान: गाउँ कार्यपालिका हल
मिति: २०८३/०३/०९ गते मंगलबार
बैठक बसेको समय: अपराह्न ३:०० बजे

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी "अशोक" | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारा माया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगा माया तामाङ्ग | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युव माया मथ्राङ्गी | कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री मनोज साह, प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

२१. जितेन्द्र गिरि, अर्थ अधिकृत

२२. चन्द्रिका थापा का. स

मिति २०८३/०३/०९ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

प्रस्तावहरू

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | आगामी आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट पेश गर्ने सम्बन्धमा। | प्रशासन |
| ३. | विषयगत समितिहरूबाट भएका निर्णयहरूको अनुमोदन गर्ने सम्बन्धमा। | प्रशासन |
| ४. | गाउँ शिक्षा योजना (२०८३-२०९३) स्वीकृत गर्ने सम्बन्धमा। | शिक्षा |
| ५. | ध्यानाकर्षण एवं भर्त्सना गर्ने सम्बन्धमा। | प्रशासन |
| ६. | सडक सञ्चालन गर्ने सम्बन्धमा। | योजना |

निर्णयहरू

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८३/०३/०३ गतेको बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको मिति २०८३/०३/१० गते बिहान ११:०० बजे बस्ने गाउँसभाको १८ औं अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा आगामी आ.व.२०८३/०८४ को लागि विभिन्न समितिहरूबाट सिफारिस भई आएका तपसिलका विधेयकहरू पेश गर्ने सर्वसहमतबाट निर्णय गरियो।

तपसिल

१. नीति तथा कार्यक्रम र बजेट, २०८३
२. आर्थिक विधेयक, २०८३
३. विनियोजन विधेयक, २०८३

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व.२०८२/०८३ मा सबै वडा कार्यालयहरू, शाखाहरू तथा तपसिलका विषयगत समितिहरूको बैठकबाट पारित भएका निर्णयहरू अनुमोदन गरी स्वीकृतिका लागि गाउँसभामा पेश सर्वसहमतबाट निर्णय गरियो।

तपसिल

(क) स्थानीय विपद् व्यवस्थापन समिति
(ख) आर्थिक विकास समिति
(ग) गाउँ शिक्षा समिति
(घ) न्यायिक समिति
(ङ) अन्य विविध समितिहरू

<u>निर्णय नं.४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँ शिक्षा योजना निर्माण समिति, सम्बद्ध पदाधिकारी, शिक्षा समिति, शिक्षक तथा सम्बद्ध सरोकारवालाहरूको उपस्थितिमा तयार पारिएको यस गाउँपालिकाको गाउँ शिक्षा योजना (२०८३-२०९३) स्वीकृत गर्ने सर्वसहमतबाट गरियो।

<u>निर्णय नं.५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतममाथि केही दिन अघि (Video Uploaded Date: 2026 Jun 17, Time: 8:45PM) **VipTeam Sindhuli** **(<u>https://www.facebook.com/profile.php?id=61583870548278</u>)** नामक फेसबुक आइडी मार्फत गालीगलौज एवं असभ्य भाषाको प्रयोग गरी वडा अध्यक्षको मान मर्दन एवं सामाजिक प्रतिष्ठामा आँच आउने गरी सार्वजनिक भएको भिडियो (<u>https://www.facebook.com/share/v/1E12Ziroxh/</u>) प्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। जनप्रतिनिधिमाथि भएको यस किसिमको दुर्व्यवहार तथा नियोजित घटना घटाउने भिडियोमा देखिए, सुनिएका अराजक समूहले गरेको घृणित कार्यको घोर भर्त्सना गर्दै विज्ञप्ति जारी गर्ने निर्णय गरियो। साथै, कानूनी कारबाहीको लागि सम्वन्धित निकायमा जोडदार माग गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अत्याधिक वर्षातको कारण यस गाउँपालिकाका तपसिल बमोजिमका मुख्य सडकहरू अवरुद्ध भई सवारी साधन, एम्बुलेन्स तथा मोटरसाइकल आवतजावतमा समस्या भएको र जनताको माग, चाहना र दबाव बमोजिम तुरुन्त सञ्चालन गर्न जरुरी भएकोले सम्वन्धित वडाको कर्मचारीमार्फत अमानत विधिबाट कार्य सम्पादन गर्ने गरी तुरुन्त सडक सञ्चालन गर्ने सर्वसहमतबाट निर्णय गरियो।

<u>तपसिल</u>

(क) सिक्रे-लंगुरदोभान-साखामाडी पूल (वडा नं. १)

(ख) लंगुरदोभान-आहाले सडक (वडा नं. ५)

(ग) वाङ्गरिङफेदी-लंगुरखोला सडक (वडा नं. १०)

(घ) आँपटार-आम्बोटे-थानीथान सडक (वडा नं. ११ र ९)

(ङ) चकमके-स्याङ्ती-आँपडाँडा (वडा नं. ११)

(च) तिल्पुङ्ग चौकी-खोरभञ्ज्याङ्ग सडक (वडा नं. ८)

(छ) तिल्पुङ्ग चौकी-काउले-भञ्ज्याङगाउँ-वडा कार्यालय-कालीमाटी सडक (वडा नं. ८ र ७)

(ज) वेलटार-सिम्ले-वालाजोर-सान्धाने सडक (वडा नं. ४)

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।